च.न: २५- ०७७/०७८
मिति: २०७८/ ०८/२९

# महिलाहरुको जीवनमा आधारित लघु भिडियो सार्वजनिक कार्यक्रम एवं अन्तरक्रिया कार्यक्रम

## प्रेस विज्ञप्ति

महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजालद्वारा आयोजित तथा महिला मानब अधिकार रक्षक संजाल मकवानपुर र तरंगिनी फाउन्डेसनको सहकार्यमा मिति २०७८ मङ्सिर २८ का दिन आन्तरिक बसाई सराइ गरी काठमाडौँमा बस्दै आएका घरेलु श्रमिकका रुपमा कार्यरत महिलाहरुसंग गरिएको अनुसन्धानको प्रतिबेदन सार्बजनिक गरीयो |

कार्यक्रम, महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजालको संस्थापक अध्यक्ष तथा तरंगिनी फाउन्डेसनको कार्यकारी निर्देशक डा. रेणु अधिकारीज्युको अध्यक्षतामा भएको थियो | बागमती प्रदेशका मुख्य मन्त्रि माननीय राजेन्द्र प्रसाद पाण्डेज्युको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा मकवानपुर जिल्ला समन्वयन समितिका उप- प्रमुख भगवती पुडासैनी ज्यू , मनोहारी गाउँपालिकाका उपाध्यक्ष मनिला बिस्ट ज्यू तथा बकैया गाउँपालिकाका उपाध्यक्ष सरला बोलाखे ज्युको अतिथीका रुपमा उपस्तिथी रहेको थियो | कार्यक्रम, विभिन्न संघ सस्थाका प्रतिनिधी ,महिला मानब अधिकार रक्षकहरु, श्रमिक महिलाहरु , एवं पत्रकार गरी १०० जना को उपथितीमा सम्पन्न भयो |

कार्यक्रममा अतिथीज्युहरुबाट घरेलु श्रमिकलाई स्थानीय तहबाट नै अबिलम्ब पंजीकरण गर्दै न्युनतम ज्याला को परिधीमा ल्याई सामाजिक सुरक्षा , बिदा प्राप्त गर्ने जस्ता श्रमिकका आधारभूत अधिकारहरु सुनिश्चित गर्न आफुहरु प्रतिबद्ध रहेको एवं समुदाय तहबाट नै पैरवी आवश्यक रहेको जानकारी गराउनु भएको थियो | कार्यक्रममा प्रस्तुत प्रतिबद्दताहरुलाई उच्च सम्मान गर्दै डा. रेणु अधिकारीज्युले, महिला हिंसाको मूलकारण महिलाको कामको मुल्यांकन ,शरीरमा नियन्त्रण र पहिचान नभएको स्थिति हुँदा उक्त स्थीतीमा परिवर्तन को आधारको रुपमा रहेको पित्रीसतात्मक संरचना द्वारा स्थिपित विभेदपूर्ण भूमिकामा परिवर्तन आवश्यक रहेको बताउनु भयो | साथै, महिलाहरुको श्रम, सामाजिक उत्पादनका तथा राष्ट्रिय आर्थिक विकाशको एक महत्वपुर्ण कडी रहेको तथ्यलाई हृदयसाथ गर्दै घरेलु श्रम लगायत हाल अनौपचारिक मानिने सबै खाले श्रमलाई नेपालको श्रम ऐन २०७४ अनुसार पंजीकरण, न्युनतम ज्याला, सामाजिक सुरक्षाको ब्यबस्था गर्दै मर्यादीत बनाउन आवश्यक रहेको तर्क दिनु भयो | साथै कार्यक्रममा पाल्नु भएको माननीय प्रमुख अतिथि ज्युद्वारा घरेलु श्रमिकका हकहितमा उठाइएका निम्न मागहरुप्रति आफ्नो प्रतिबद्धता रहेको जनाउनु भयो |

- घरेलु श्रमिकको न्युनतम पारिश्रमिक को ब्यबस्था |

सचिवालय,
कुमारीगाल, गौरीघाट, चाबहिल, काठमाडौं, घ.नः ४४६/७०
पो.ब.नं. १३२३३ फोन नं. : ०१ ४११४३०३ इमेल : secretariat@nawhrd.org

- आधारभूत गुणस्तरीय स्वास्थ्य सेवाको ब्यबस्था। स्वास्थ्य बिमाको ब्यबस्था।जटीलता मा उपचारमा छुट।
- सामाजिक सुरक्षा प्रणालीमा समावेश ,
- कार्यस्थलमा हुने लैङ्गिक हिंसा न्यूनीकरण एवं पेशागत सुरक्षाका लागी
- श्रम अनुगमन
- घरेलु श्रमिक र रोजगारदाता बीच सम्झौता पत्र ( Contract Paper) को ब्यबस्था ।
- घरेलु श्रमिकको अधिकारको संरक्षण एवं अधिकारको उल्लङ्घन भएमा कानुनी उपचारको व्यवस्था।

बिनिता पौडेल
महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजाल

**सचिवालय,**

**कुमारीगाल, गौरीघाट, चाबहिल, काठमाडौं, घ.नः ४४६/७०**

पो.ब.नं. १३२३३ फोन नं. : ०१ ४११४३०३ इमेल : secretariat@nawhrd.org